# प्रस्तावना

नेपालको राजनीतिक परिवर्तनको आन्दोलनमा नेपाली विद्यार्थीहरुको महत्वपूर्ण भूमिका रहदै आएको छ । सामन्तवाद र त्यसको प्रतिनिधि संस्था राजतन्त्रका विरुद्ध नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको पृष्ठभूमि विद्यार्थी आन्दोलनले नै तयार पारेको थियो । नेकपा एमालेको नेतृत्वमा जबजको मार्गदर्शनमा नेपालका सात राजनीतिक दलहरुको आव्हानमा ०६२/०६३ सालमा सञ्चालित ऐतिहासीक जनआन्दोलनमा युवा विद्यार्थीहरुको व्यापक सहभागिताले जारी जन-आन्दोलन शान्तिपूर्ण जनक्रान्तिमा परिणत भई ऐतिहासीक संविधान सभाको निर्वाचन पश्चात मुलुकमा संघिय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै संविधान सभाद्वारा जनताको संविधान जारी गरिएको छ ।

परिवर्तित सर्न्दभमा विद्यार्थी समुदायको हक, हित अधिकार र प्रतिष्ठा प्राप्ति, संरक्षण एवं संवर्द्धनको साथै न्याय, समानता, स्वतन्त्रता राष्ट्रियताको रक्षा र सामाजिक परिवर्तनकालागि विद्यार्थी समुदायलाई सचेत, संगठित र आन्दोलित गर्ने उद्देश्यबाट अभिप्रेरित भई नेपालका सम्पूर्ण प्रगतिशिल, जनवादी तथा देशभक्त विद्यार्थीहरुको साझा, स्वतन्त्र र वैधानिक संगठन अनेरास्ववियुलाई समयक्रम संगै व्यवस्थित, जीवन्त, गतिशिल, अनुशासित एवं लोकतान्त्रिक ढङ्गले सञ्चालन गर्न एक विधानको जरुरी हुने भएकोले अनेरास्ववियुको दोस्रो विधान सम्मेलन २०७२ भदौ ३-५ गते काठमाण्डौद्वारा पारित भए देखी नै लागू हुने गरी यो विधान जारी गरिएको छ ।